# National News

## 26/03/2024

## मुख्य समाचार

- पधानमन्त्री अनि बेल्जियमका प्रधानमन्त्रीले आपसी सम्बन्धलाई अझै बलियो बनाउने तरीकाबारेमा गर्नुभयो चर्चा
- अटल पेन्शन योजना स्वचालित प्रीमियम भुगतानमा आधारीत रहेको वित्त मन्त्रीको दावी
- आफ्नो राष्ट्रीय सम्प्रभुता कायम राख्नुमा फिलिपीनसको प्रयासको भारतले समर्थन गर्ने विदेश मन्त्रीको भनाई
- भारतीय जनता पार्टीले सिक्किममा आगामी विधानसभा चुनावका लागी नौजना उम्मीदवारको दोस्रो सूची गर्यो जारी
- भारतका रोहन बोपन्ना अनि अस्ट्रेलियाका मैथ्यू एब्डेनको जोडी मियामी मास्टर्स टेनिस टूर्नामेन्टको पुरुष डबल्सको क्वाटर फाइनलमा पुगेका छन्।

## प्रधानमन्त्री-बेल्जियम पीएम

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज बेलजियमका प्रधानमन्त्री अलेक्जेन्डर डी. क्रू. संग फोनमा बात-चीत गर्नुभयो। दुबै नेताहरूले व्यापार, निवेश, स्वच्छ प्रौद्योगिकी, सेमीकक्, औषधि अनि हरित हाइड्रोजन सहित विभिन्न क्षेत्रमा आपसी सम्बन्धलाई अझै बलियो बनाउने तरीकामा चर्चा गर्नुभयो। बातचीतमा प्रधानमन्त्री श्री मोदीले उपयायबारे पहिलो परमाणु ऊर्जा शिखर सम्मेलनको सफल मेजबानीका लागि बेलजियमका प्रधानमन्त्रीलाई बधाई दिनुभयो । दुबै नेताले बेलजियमको अध्यक्षतामा यूरोपीय संघ परिषद अन्तर्गत भारत-यूरोपीय सङ्घ रणनीतीक साझेदारीलाई अझै बलियो बनाउने प्रतिबद्धता व्यक्त गरेका छन्। क्षेत्रीय अनि वैश्विक विकासमा विचारको आदान-प्रदान पनि गरिएको छ । दुबै नेता पश्चिम एशिया क्षेत्र अनि रूस-यूक्रेन संघर्ष समाप्त गर्नका लागि सहयोग बढ्ाउने आवश्यकतामा र सहमत भएका छन् ।

सीतारामन-अटल पेन्शन योजना

वित्त मन्त्री श्रीमती निर्मला सीतारामनले भन्नुभएको छ, अटल पेन्शन योजना स्वचालित प्रीमियम भुगतानमा आधारित छ । श्रीमती सीतारामनले सोशल मीडिया पोस्टमा भन्नुभयो, यो लाभकारी योजना ग्राहकको हितमा छ । वित्तमन्त्रीले कङ्ग्रेसका नेता श्री जयराम रमेशको यस योजनाको आलोचनाको जवाब दिनुभयो र भन्नुभयो, श्री रमेश एउटा राम्रो पेन्शन योजना तयार गर्ने बुनियादी सिद्धांतसंग अनभिज्ञ रहेको उहाँले दाव ी गर्नुभयो। श्रीमती सीतारामनले भन्नुभयो, अटल पेन्शन योजनाले गारेन्टीयुक्त रिटर्न दिन्छ अनि सरकारले सबसिडीको भुगतान गर्दछ। वित्त मन्त्रीले भन्नुभयो, यस समय यो योजनामा आठ प्रतिशत भन्दा अधिक रिटर्न पाइरहेको छ।

जयशङ्कर फिलिपीङ्स

विदेश मन्त्री डाक्टर सुब्रमण्यम जयशंकरले भन्नुभएको छ, आफ्नो राष्ट्रीय सम्प्रभुता कायम राख्नुमा फिलिपीनसको प्रयासको भारतले समर्थन गर्दछ। मनीलामा आज फिलिपीनसका विदेश मन्त्री श्री एनरिक मेनालोका साथ मीडियालाई सम्बोधीत गर्दै उहाँले भन्नुभयो, प्रत्येक देशलाई आफ्नो राष्ट्रीय सम्प्रभुता बनाइ राख्ने अनि यसलाई निरन्तर राख्ने अधिकार छ । विदेश मन्त्रीको यो बयानले दक्षिण चीन सागरमा चीनसंग फिलिपीनसको समुद्री विवाद मध्येनजरमा आएको छ।

डाक्टर जयशंकरले जोड दिएर भन्नुभयो, भारत आसियान देशको केन्द्रीयता, सामन्जस्य अनि एकताको समर्थक हो । उहाँले भारतलाई नियममा आधारित शासनको ठोस अनुपालनका कारण यस क्षेत्रमा राम्रो प्रगती अनि समृद्धिमा विश्वास रहेको पनि बताउनु भयो। विदेश मन्त्रीले भन्नुभयो, यस मामिलामा समुन्द्री सम्बीधानको तरिकामा मान्यता प्राप्त समुद्री कानून सम्बन्धमा संयुक्त राष्ट्रको उन्नाइस सय बयासीको घोषणाको विशेष महत्व छ अनि सबै पक्षले सम्पूर्णताका साथ यसको पालन गर्नु पर्छ।

श्री जयशंकरले भन्नुभयो, विश्वमा आई रहेको परिवर्तनलाई देख्दा यो आवश्यक छ कि भारत अनि फिलिपीनसले आपस्तमा नजीक आएर सहयोग गरोस जसले नयाँ उदीयमान विश्व व्यवस्थालाई आकार दिन सकियोस । उहाँले भन्नुभयो, भारत अनि फिलिपीनसको द्विपक्षीय सम्बन्धमा हालै स्पष्ट रूपले विकास भएको छ।

## श्रीलंका-राष्ट्रपति

श्रीलङ्काका राष्ट्रपति  श्री रानील विक्रम सिंघेले कोलम्बोमा आयोजित, Digital public infrastructure सम्मेलन लाई सम्बोधन गर्दै भन्नुभयो, भारत आउने वर्षमा विकासको केन्द्र बन्नेछ अनि –डी.पी.आई को क्षेत्रमा भारत द्वारा गरिएको विकास कार्य, श्रीलङ्काका लागि लाभदायक सिद्ध  हुनेछ। श्री सिन्घेले भन्नुभयो, वर्तमान स्थितिलाई हेर्दा  श्रीलंकालाई डी.पी.आई क्षेत्रमा  सहायता उपलब्ध  गराउनका लागि भारत सबैभन्दा राम्रो देश हो । यस अवसरमा श्रीलंकामा भारतीय उच्चायुक्त, श्री सन्तोष झाले प्रधानमन्त्री श्री  नरेन्द्र मोदीको नेतृत्वमा चलीरहेको डिजीटल इण्डिया पहलको महत्वमा पनी जोड दिनुभयो।

## कविता - हिरासत

भारत राष्ट्र समितिकी  नेता, श्रीमती के. कवितालाई दिल्ली उत्पाद शुल्क नीति घोटालासंग सम्बन्धीत मनील ding मामिलामा नौ अप्रैल सम्म न्यायिक हिरासतमा पठाइएको छ । श्रीमती कवितालाई पन्ह्र मार्चमा हैदराबादबाट गिरफ्तार गरिएको थियो। आज प्रवर्तन निदेशालय- ई.डीको हिरासतको अवधि समाप्त भएपछि उहाँलाई दिल्लीको राउज एवेन्यू अदालतमा पेश गरियो जहाँबाट  उहाँलाई अतिरिक्त पन्ह्र दिनको न्यायिक हिरासतमा पठाइएको छ।

## भाजपा - सिक्किम और उपचुनाव

भारतीय जनता पार्टीले आज सिक्किममा आगामी विधानसभा चुनावका लागी नौजना उम्मीदवारको आफ्नो  दोस्रो सूची जारी  गरेको छ। श्री  पेमा वांगेल रिनजिङ  गान्तोकबाट पार्टीको उम्मीदवार हुनुहुन्छ अनि अरुणा मगरले  नामची-सिंघीथांग सीटबाट चुनाव लड्नुहुनेछ।  भारतीय जनता पार्टीले गुजरात, हिमाचल प्रदेश, कर्नाटक  अनि पश्चिम बंगालमा विधानसभा उपचुनावका लागि चौध जना  उम्मेदवारको पनि घोषणा  गरिएको छ। गुजरातमा विजापुरबाट  श्री चतुरसिंह चावड़ा र  पोरबन्दरबाट अर्जुन मोड़ वाडियालाई मैदानमा उतारिएको छ ।

हिमाचल प्रदेशको लाहौल अनि स्पीतीबाट श्री रवि ठाकुरलाई मैदानमा उतारीएको छ, जबकि श्री राजिन्दर राणाले  सुजानपुरबाट चुनाव लड्नु हुनेछ। कर्नाटकको शोरपुरबाट नर सिम्ह नायक  पार्टीका उम्मीदवार  हुनुहुनेछ ।पश्चिम बंगालको भागवान गोलाबाट श्री भास्कर सरकार अनि श्री सजल घोष बारा नगरबाट उम्मीदवार हुनुहुनेछ।

चुनाव आयोग परामर्श

निर्वाचन आयोगले राज्य अनि केन्द्र शासित प्रदेशका मुख्य निर्वाचन अधिकारीलाई भीषण गर्मी अनि लू का सम्बन्धमा परामर्श जारी गरिएको छ । यसमा आयोगले, मौसम विभागले गर्मीको मौसममा सामान्य भन्दा अधिक तापमान रहने सम्भावना व्यक्त गरेको छ जसका कारण मार्च देखी जून बीच लामो समयसम्म भीषण गर्मी अनि लू को स्थिति आउन सक्छ। आयोगले यस सिलसिलामा गर्मीका कारण बचावका लागि राष्ट्रीय आपदा प्रबन्धन अधिकरण तर्फ जारी-क्या करें और क्या न करें सम्बन्धी सलाहको प्रतिलिपीहरू साझा गरेको छ । राष्ट्रीय आपदा प्रबन्धन अधिकरणको परामर्श अनुसार मानिसलाई घाममा निसकिन, विशेष रूपमा दिउसो बाह्र देखी तीन बजीका बीच बाहिर निस्कन देखी जोगीने सलाह दिइएको छ र आवश्यक मात्रामा पानी पीउनु भनिएको छ । बासी खाना पनि नखाने सल्लाह दिइएको छ। आयोगले मुख्य निर्वाचन आधिकारीलाई मतदान केन्द्रहरूमा पेय जल अनि छायाको न्यूनतम बुनियादी सुविधा सुनिश्चित गर्ने निर्देश दिएको छ ।

टेनिस - मियामी ओपन

भारतका रोहन बोपन्ना अनि अस्ट्रेलियाका मैथ्यू एब्डेनको जोडी मियामी मास्टर्स टेनिस टूर्नामेन्टको पुरुष डबल्सको क्वाटर फाइनलमा पुगेका छन् । यस जोडीले मोनेकोका ह्यूगो नायस अनि पोलेण्डका जेन जेलेन्स्कीको जोडीलाई सात-पाँच, सात-छ ले पराजित गरेको छ। क्वाटर फाइनलमा भोली रोहन बोपन्ना अनि मैथ्यू एब्डेनको जोडीको सामना होलैण्डका सेम वर्बिक अनि अस्ट्रेलियाका जन पेट्रिकको जोडीसंग हुनेछ ।